गुजरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिमरा भवानीपुर,रौतहट,
मधेश प्रदेश, नेपाल

**पोखरी ठेक्का सम्बन्धि सुचना ।**

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/०९)

यस गुजरा नगरपालिकाको अधिकर क्षेत्राधिकार भित्र निम्न आय शिर्षकमा आ.व. २०८३।०८४, देखि आर्थिक वर्ष २०८७।०८८ सम्म ५ (पाँच) वर्षका लागि पोखरी ठेक्का लागाउने निर्णय भएकोले सम्बन्धित भएकोले ईच्छुक व्यक्तिको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फर्म वा कम्पनीहरुको हकमा आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्वि कर दर्ता प्रमाण पत्र, करचुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र पेश गरी यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गरी तोकिएको शर्तको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र छुट्टाछुट्टै ठेक्का नम्बर अनुसार पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि १५ दिने यो सूचना प्रकाशन गरिएको छ ।

सिलबन्दी दरभाउपत्र फारम पाईने, दर्ता गर्ने र खल्ने स्थानः- गुजरा नगरपालिकाको कार्यालय, रौतहट ।
सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मितिः- २०८३।०६।२३ गते
सिलबन्दी दरभाउपत्र दर्ता गर्ने र खल्ने मिति समयः दर्ता हुने मितिः २०८३।०६।२४ गतेको १२:०० बजे भित्र र खोल्ने समय सोही दिन दिउँसो १:०० बजे

तपसि

| ठेका नम्बर | ठेका विवरण | ल.इ. ५ बार्षका लागि (कर सहित) | शिलबन्दी फारम दस्तुर | धरौटी रकम (न्यून कबोल अंकको) | कैफीयत |
|---|---|---|---|---|---|
| ०८/०८३/०८४ | लक्ष्मीपुर गाँउको पोखरी | ३,००,०००। | १००० | ५% | |

शर्तहरु:-

१. दरभाउपत्रदाताले दरभाउपत्र दर्ता गर्दा अफूले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको NIC ASIA बैंक सिमरा भवानीपुर रौतहट स्थित खाता नं.४६CA०५१२५१६५२४०६ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा ९० दिन को म्याद भएको बैंक ग्यारेण्टी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

२. दरभाउपत्र फारम खरिद एवं दर्ता गर्न अन्तिम दिन बिदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिनेछ ।

३. शिलबन्दी दरखास्त खाम वाहिर ठेका नं विवरण सम्बोधन गरी दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नुपर्ने छ ।

४. शिलबन्दी दरभाउपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । दरभाउपत्रको कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ ।

५. दर्ता भएका शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:०० (दुई) बजे यस कार्यालयमा दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । साथै दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउपत्र स्वीकृतीको सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्था दर्ताको प्रमाण पत्र, मु. अ. कर प्रमाण पत्र, आ.ब. ०८२।०८३ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि सहित सम्झौत गर्न निवेदनका साथ आउनु पर्ने छ । सो अवधिमा सम्झौता नगरेमा धरौटी रकम जफत गरिनेछ र दोस्रो दरभाउपत्र दाताको दरभाउत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनःदरभाउपत्र अवहान गर्ने वा नगर्ने अधिकार गुजरा नगरपालिकामा सुरक्षित रहने छ ।

७. दरभाउपत्र स्वीकृत भई सकेपछि सम्झौता गर्न आउदा सकार रकमको ५०% आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ र बाँकी ५०% को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकको कम्तीमा २०८९ श्रावण महिना सम्मको म्याद भएको परफरमेन्स बन्ड पेश गर्नु पर्ने छ । बाँकी ५०% रकम सम्झौता भएको ६ महिना भित्रमा बुझाई सक्नु पर्ने छ ।

८. परफरमेन्स बन्ड पेश गर्न नसकेमा कबोल गरेको सबै रकम एकमुष्ट आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने छ ।

९. बुदा नं. ८ र ९ मा उल्लेखित शर्त पुरा गरेपछि मात्र सम्झौता गरी चलन पुर्जी दिईनेछ ।

CS CamScanner

१०. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर दरभाउपत्रदाता स्वंयमले व्यहोर्नु पर्नेछ ।

११. ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरी कर लिन पाईने छैन ।हाट बजारमा बिक्री गर्न ल्याउने व्यवसायीहरुबाट तोकिएको दररेटमा शुल्क संकलन गर्नुपर्ने छ ।

१२. कानुनले निषेध गरेको वस्तु वा सामानमा शुल्क लिन पाईने छैन र यस वापत कुनै माफि मिन्हा समेत दावी गर्न पाईने छैन र त्यस्तो कुनै माफी दिइने छैन ।

१३. ठेक्का सम्बन्धि कार्यालय तथा ठेक्दार विच कुनै विवाद उत्पन्न भएमा गुजरा नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै प्रदेश सरकार वा यस नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्वन्धित ठेक्दारको कर्तव्य हुनेछ ।

१४. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ का साथै अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. पट्टापुर्जामा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिम दरमा कर, शुल्क संकलन गर्नुपर्नेछ । सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ ।करको दर पालिकाको आर्थिक ऐन, २०८३ मा तोकिए बमोजिम हुनेछ ।

१६. पोखरीको संरचना आफुखी गर्न वा विषादी तथा विधुतिय यन्त्र प्रयोग गरी माछा मार्न पाईनेछैन ।सो कार्य गरेमा क्षतिपुर्ति ठेक्कालिने व्यक्ति बाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।

१७. पोखरी ठेक्का अवधि भित्र पोखरीको संरक्षण तथा सरसपाई गर्ने काम ठेकदारको हुनेछ ।

डमरु दहाल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner